## सिरहानगरपालिकाको कार्यालय, सिरहा

## आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा वजेट

सिरहा नगरपालिकाको एघारौं नगर सभाको अध्यक्षता गरि राख्नु भएका नगर प्रमुख ज्यू, प्रमुखअतिथी ज्यू, विशिष्ट अतिथीज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, कार्यालय प्रमुखज्यूहरु, कार्यपालिका र नगर सभाका सम्पुर्ण सदस्य ज्युहरु, पत्रकार ज्यूहरु तथा कर्मचारी मित्रहरु सबैलाई हार्दिक स्वागत गर्दछु। सर्वप्रथम संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न प्राण आहुति गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात शहिद प्रति यस गौरवमय नगर सभाबाट भावपुर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु । सिरहा जिल्लाको सदरमुकामको रुपमा रहेको यो नगरपालिकाको तीव्र विकास र समृद्धिको कार्य दिशा अघि बढाउन यहाँका समस्त नागरिकको सुखी जीवन निर्माणको लागि हामीलाई यो महत्वपुर्ण जिम्मेवारी र कार्यभार दिनु हुने सबै नगर बासी, शुभेच्छुक र सरोकारवाला प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु।

पछिल्लो जनगणना अनुसार सिरहा नगरपालिकाको कुल क्षेत्रफल ९४.२० वर्ग किलो मिटरमा कुल जनसंख्या ९५,५४७ रहेको छ। राष्ट्रिय लोकमार्ग चोहर्वाबाट १२ कि.मी. दक्षिणको दूरीमा तथा पश्चिममा धनुषा जिल्ला र दक्षिणी सिमानामा भारतको विहार राज्यको सिमाना सँग जोडिएको छ भने पूर्वमा औरही गाउँपालिका र अर्नामा गाउँपालिकाको सिमाना सँग जोडिएको छ । उत्तर तर्फ विष्णुपुर गाउँपालिका र कल्याणपुर नगरपालिकाको सिमाना सम्म जोडिएको छ । सिरहा नगरपालिका सल्हेश राजाको अतित झल्काउदै सम्पूर्ण नगरवासीमा मेलमिलाप र सहयोगी भावनाले ओत प्रोत हुदै विकास क्रममा आफूलाई हालको रुपमा परिवर्तन गर्न निरन्तर अग्रसर छ। रणनीतिक हिसाबले महत्वपूर्ण एवम् आर्थिक तथा सामाजिक विकासका असंख्य सम्भावनाहरु बोकेको सिरहा नगरपालिकाको शुरुवात वि.सं.२०५३ बाट भएको कुरा सर्वविदितै छ। गण्तन्त्र स्थापित भए पश्चात दोस्रो कार्यकालको लागि निर्वाचित भएका जनप्रतिनिधिहरुको लागि यो एघारौं नगरसभामा स्वीकृतको लागि पेश गर्नेछ। यस अर्थमा यो नगरसभा अवसर र चुनौतिले भरिएका ऐतिहासिक रहेको छ। यस अगाडी हामीले लिएको लक्ष्यहरु न्यून श्रोतको कारण सवै क्षेत्रलाई समेटन नसकेपनि केही हदसम्म नगरवासीको जिवन स्तर सुधारको लागि सडक, कृषि, खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य जस्ता शहरी आधारभूत सेवा सुविधाको माँगलाई सम्बोधन गर्न सफल भएका छौ. यसलाई सम्बोधन गर्ने सन्दर्भमा उत्पादनमुलक उद्योगहरुका साथै सेवामुलक उद्योगहरुको द्रुतविकासको लागि नीतिगत सुधार, सम्पूर्ण व्यवस्थापकीय क्षमताबिकास, बिकास साझेदारहरुको पहिचान र उपयोग जस्ता बिषयहरुमा परम्परागत ढंगबाट मात्र नभई दीर्घकालिन एवं राजनीतिक दृष्टकोणबाट सोच्न र सोहि अनुसार अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना सहित क्रमश: अगाडी बढने लक्ष्य राखेका छौं।

***<u>यो नीति, कार्यकम र बजेटले लिएको उद्देश्य देहायबमोजिम रहेका छन्</u> ।***

- नागरिकमा स्थानीय सरकार भएको अनुभूति दिलाउने।
- नगरपालिकाबाट प्रदान गरिने सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्ने।
- दीगो विकासको मर्म अनुरुप भौतिक पूर्वाधारको विकास गर्ने।
- स्थानीय श्रोत साधनमा सवैको पहुँच कायम गरी न्यायोचीत वितरण गर्ने।
- नगरपालिकाका व्यवस्थापकीय, आर्थिक, सामाजिक, साँस्कृतीक, भौगोलिक, राजनैतिक र प्राविधिक जस्ता आयामहरुमा सुशासन कायम गर्ने।

***<u>यी उद्देश्य हासिल गर्न देहाय बमोजिमको प्राथमिकताहरु निर्धारण गरिएका छन्</u> ।***

- शहरी पूर्वाधारको निमार्ण।
- गाउँ तथा वडा वस्तीहरुमा सडक संजालको निर्माण।
- नागरीक स्वास्थ्यलाई मध्यनगर गरी नगर भित्रका स्वास्थ्य संस्थाहरुलाई व्यवस्थित र सुदृढ गर्ने



CS CamScanner

- स्वस्थ र दक्षजनशक्तिको निर्माण ।
- शैक्षिक क्षेत्रमा सुधार ।
- सुरक्षित र स्वस्थ्य प्रसुती सेवा ।
- कृषि र पशुपालनको क्षेत्रमा सुधार ।
- पर्यटन पूर्वाधारमा विकास र प्रबर्द्धन ।
- सार्वजनिक जग्गाको संरक्षण र उपयोग ।
- अवस्थित रुपमा बसेको सुकुम्वासीहरुलाई व्यवस्थि गर्ने कार्य ।
- दीर्घकालीन फोहर व्यवस्थापन र वातावरण संरक्षण ।
- बजार अनुगमन र नियमन ।
- लक्षितवर्गको सशक्तिकरण ।
- कृषि विद्युतीकरण ।
- सुशासन, पारदर्शिता र सेवाप्रवाहमा सुधार ।

**<u>भौतिकपूर्वाधार तर्फ</u>**

- विकासको मेरुदण्ड सडक सन्जाल भएको र शहरी सौन्दर्यतामा सडकको महत्वपूर्ण भुमिकाहुने भएको कुरालाई आत्मसात गर्दै पक्की सडक निर्माणका लागि विकेन्द्रीकरणको सिद्धान्तलाई आत्मसात गर्दै वडागत तथा नगरस्तरीय योजना संचालन गर्ने ।
- यस नगरको ऐतिहासिक र पुरातात्वीक स्थलको रुपमा पहिचान बोकेको सल्हेश गढी दरबारको भौतिक सुधारमा जोड दिई शल्हेश पर्यटकिय क्षेत्रको रुपमा पहिचान दिलाउने साथै नगर क्षेत्र भित्रका अन्य पर्यटकीय क्षेत्र पहिचान गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने ।
- सिरहा नगरपालिकामा एउटा व्यवस्थित आधुनिक सुविधा सम्पन्न रंगशाला निर्माणको कार्यलाई अगाडी वढाउने ।
- नेपाल सरकारको वस्तिविकास तथा भवन निर्माण आधारभूत मापदण्डको प्रभावकारी कार्यान्वयन गरी सुन्दर हराभरा र व्यवस्थित नगरको विकास गर्ने ।
- सार्वजनिक, ऐलानी, पर्ती, पोखरी जग्गाको पहिचान, लगत संकलन तथा संरक्षण गरी अधिकतम प्रयोग गर्ने ।
- नगर क्षेत्रका सार्वजनिक सडकहरु वाह्रै महिना सुचारु गर्न सडक मर्मत संभारको लागि मर्मत संभार कोष स्थापना गर्ने ।
- नगरपालिकाको भवनहरुलाई व्यवस्थित गरी सुविधा सम्पन्न नगरपालिका स्थापित गर्न निर्माणाधिन सुविधा सम्पन्न प्रशाकीय भवन निर्माण कार्यलाई आवश्यक वजेटको व्यवस्था गरी पूर्णता दिने ।
- वडा कार्यालयहरुको भवन निर्माणका लागि प्रदेश/संघीय सरकार सँग विशेष पहल गर्ने ।
- नगर क्षेत्र भित्र व्यवस्थित तरकारी, फलफुल, माछा, मासुको व्यवस्थित गर्न गुदरी वजारको संभाव्यता अध्ययन र जग्गा पहिचान गरी व्यवस्थित गरिनेछ ।



CamScanner

- सिरहा नगरपालिका क्षेत्र भित्र रिङ्गरोडको लागि संभाव्यता अध्ययन गरिनेछ । नगरपालिकाका सम्पूर्ण वडामा सडकवत्ती व्यवस्थापन तथा मर्मत सुधारका लागि कार्यहरु अगाडी वढाइनेछ र क्रमश: सडक वत्तीलाई सौर्य उर्जामा परिणत गरी प्रत्येक वडा लगायत सार्वजनिक चौक चौराहाहरुमा स्ट्रीट लाईट जडान गर्दै लाने नीति लिइनेछ ।
- नगरपालिकाको मुख्य वजार क्षेत्र तथा आसपासका क्षेत्रमा वर्षा सिजनमा पानीजम्ने तथा वाढीको समयमा घर वस्ती डुवानमा वर्षेनी जोखिम रहेको हुँदा निर्माण सम्पन्न नालाहरुको निकास समेत नरहेको कारण पानी, ढल तथा नाला निकासको विस्तृत गुरुयोजना (Master Plan) वनाई सोही अनुरुप नाला तथा ढल निकाश कार्यलाइ निरन्तरता दिने ।
- यस नगरपालिकाको आर्थिक, भौतिक, सामाजिक यथार्थ चित्रण र वास्तविकता औल्याउन नगरको पार्श्वचित्र (Urban Profile) का लागि भएको सम्झौता अनुरुप सो लाई सम्पन्न गरी सो को आधारमा योजना तर्जुमा गर्न पहल गरिनेछ ।
- नगरको यातायात गुरुयोजना (MTPM) को वाँकी रहेको वार्डको समेत गराई सो ले निर्दिष्ट गरेका सडकहरुको निर्माण एवम् स्तरोन्नतीलाई प्राथमिकता दिइनेछ ।
- गुणस्तर निर्माण सुनिश्चित गर्न यस नगरपालिकामा Material Testing lab को स्थापना गरिनेछ ।
- पूर्वाधार निर्माण गर्दा महिला/वालमैत्री तथा अपाङ्ग मैत्रीपूर्वाधार निर्माणको नीति लाई निरन्तरता दिइनेछ ।
- सम्पूर्ण नगरको गुरुयोजना (Master Plan) निर्माण गरी सोही अनुरुप विकास निर्माणको कार्य अघि बढाउने नीतिलाई निरन्तरता दिईनेछ ।
- कृषि सडक निर्माणमा विशेष नीति वनाई पूर्वाधार विकास गरिनेछ ।
- समग्र सिरहा नगरपालिका क्षेत्र विकास निर्माणका लागि एकल सिरहा नगरपालिकावाट मात्र विकास संभव नभएको हुँदा सडक बोर्ड नेपाल, तराई मधेश समृद्ध कार्यक्रम अन्तर्गत दिर्घकालीन योजनाहरु छनौट गरी संघीय/प्रदेश सरकार सँग पहल गर्ने नीति लिइएको छ ।
- यस नगरपालिकाको समग्र विकासको लागि वृहत शहरी विकास योजना (आवधिक योजना) तर्जुमा गरी कार्यान्वय गरिनेछ ।

## आर्थिक विकास तर्फ

- यस नगरपालिका क्षेत्रमा मुख्य पेशाको रुपमा कृषि भएको हुँदा कृषि क्षेत्रको विकासका लागि कृषि सडक, सिंचाइ सुविधा विस्तार, व्यवसायिक तालिम, प्राविधिक सहयोगमा लगानी गरिनेछ ।
- कृषि क्षेत्रको व्यवसायिकरण र आधुनिकिकरण गर्दै कृषि पेशालाई मर्यादित, सम्भावित र आकर्षक पेशाको रुपमा विकास गरिनेछ । तुलनात्मक एंव प्रतिस्पर्धात्मक लाभको संभावना र भौगोलिक पर्यावरणीय तथा माटोको परिक्षण गरी विभिन्न खाद्य वस्तुहरु र तरकारी लगायत अन्य क्षेत्रको पहिचान गरी पकेट क्षेत्र निर्धारण गरी विशेष कार्यक्रम संचालन गर्ने ।
- सहकारी मार्फत खेती, साना सिंचाई मल, विउ ढुवानी विशेष कार्यक्रम लागु गर्ने ।



CamScanner

- कृषक पाठशाला संचालन र पशु तथा कृषि सम्बन्धी अन्य कार्यक्रमहरु लागु गर्ने ।
- कृषि तथा पशु सम्बन्धी अन्य कार्यक्रमहरु लागु गर्ने ।
- कृषक उपज सामग्रीहरु सहि तरिकाबाट भण्डारण गर्नको लागि कोल्ड स्टोर निर्माण गर्न पहल गर्ने ।
- सहकारी अभिमुखीकरण लगायतका सहकारी सम्बन्धी अन्य कार्यक्रम अगाडी बढाउने ।
- कृषि सहकारीलाई विशेष ग्राहयता दिई दर्ता, नविकरण गरी सहकारी मार्फत कृषि क्षेत्रको वृहत्तर विकास गर्न आवश्यक पहल गर्ने ।
- नगरपालिकाको आन्तरिक श्रोत वढाउन र त्यसको अधिकतम उपयोग विकास गर्न रणनीतिक कार्ययोजना वनाई लागु गर्ने ।
- कृषि सिंचाईको विकासको लागि साना सिंचाई कार्यक्रम लागु गर्ने ।
- अर्गानिक तरकारी खेतीको लागि माटो परिक्षण गरी समुह वनाई सहकारी मार्फत विशेष कार्यक्रम संचालन गर्ने नीति अवलम्व गर्ने ।
- गाई वस्तु तथा पशुमा लाग्ने माहामारी रोग र यस वाट हुन सक्ने क्षतीका लागि आवश्यक औषधी तथा भ्याक्सीनहरुको उचित प्रवन्ध गर्ने ।
- नगर क्षेत्र भित्रका निर्माण भई सकेका भौतिक संरचनाहरुको लगत तथा नयानिर्माण हुने भौतिक संरचनाहरु लाई अनिवार्य नक्शा पासको दायरा भित्र ल्याउने र दायरा भित्र नआउनेहरु प्रति कठोर कार्यवाही गर्ने र घर निर्माण कार्य गर्नु अगाडी अनिवार्य रुपमा नक्सापास गराउने कार्यमा ठोस कदम उठाउने ।
- उद्योग वाणिज्य संघ लगायतका संघ संस्थाहरु सँग समन्वय गरी सिरहा नगरपालिका क्षेत्र भित्र उद्योग, कल कारखाना, व्यापार, व्यवसायका लागि पहल गर्ने ।

## कृषि

- कृषि, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने ।
- कृषिबजार सूचना, कृषिबजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन गर्ने ।
- कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन गर्ने ।
- उच्च मूल्य युक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण गर्ने ।
- कृषि सम्वन्धी वीमा र कर्जा सहजीकरण गर्ने ।
- शीत भण्डारणको व्यवस्थापन गर्ने ।
- कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण कार्यक्रम ल्याउने ।
- कृषि बीउ विजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन गर्ने ।
- कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन गर्ने ।



CamScanner

- कृषि पशुपन्छी तथा सहकारी कार्यक्रम अगाडी बढाउने ।
- कृषि उपज खरीद बिक्री केन्द्र स्थापना तथा मूल्य निर्धारणको सुनिश्चिता गर्ने ।
- कृषक परिचयपत्रको व्यवस्था गर्ने ।
- कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण गर्ने ।
- कृषि स्रोत केन्द्रको स्थापना र व्यवस्थापन गर्ने ।

**पशुपन्छी**

- पशुपालन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने ।
- चालु आ.व.मा नगरपालिका भरिका किसानहरुको तथ्यांक संकलन भइ सकेको हुदाँ आगामी आ.व.मा कृषि क्षेत्रमा किसानहरुको लागि आवश्यकता अनुसारको बजेट विनियोजन गरी प्राथमिकताका साथ अगाडी बढने निति लिइएको छ ।
- पशुपन्छी बजार सूचना, हाटबजारको पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन र नियमन गर्ने ।
- पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण गर्ने ।
- पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन, गर्ने ।
- पशुनश्ल सुधार पद्धति विकास र व्यबस्थापन गर्ने ।
- पशुपन्छी सम्बन्धी बीमा र कर्जा सहजीकरण गर्ने ।
- पशु आहारको गुणस्तर नियमन गर्ने ।
- पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन गर्ने ।
- पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य गर्ने ।

**सहकारी**

- सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन
- स्थानीय सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन सम्बन्धी कार्य ।
- सहकारी वचततथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन गर्ने ।
- सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय संघ संस्था सँग समन्वय र सहकार्य गर्ने ।
- सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान गर्ने ।
- स्थानीय सहकारीको क्षमता अभिवृद्धि गर्ने ।
- स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, विकास र परिचालन गर्ने ।

**उद्योग**

- लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन गर्ने ।
- लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन गर्ने ।
- उद्यमशिलता प्रवर्द्धनगर्ने ।
- व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन गर्ने ।



CamScanner

- सीप विकास सम्बन्धी कार्यको प्रवर्द्धन गर्ने ।

**खानी तथा खनिज**

- खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन, गर्ने ।
- ढुङ्गा, गिटी, बालुवा, माटो, खानीजन्य वस्तु सर्वेक्षण, अन्वेषण, उत्खनन् कार्य गर्ने ।
- ढुङ्गा, गिट्टी, बालुवा, माटो, आदि खानीजन्य वस्तुको संरक्षण, गर्ने । विकास,उत्खनन् र उपयोग सम्बन्धीदर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन गर्ने ।
- खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखन तथा व्यबस्थापन गर्ने ।
- भौगर्भिक नक्सा प्रकाशनको लागि आवश्यक व्यवस्थापन गर्ने ।

**रोजगार प्रबर्द्धन तथा गरिबी न्यूनीकरण**

- गरिबी निवारण सम्बन्धी स्थानीयनीति, कानून, मापदण्ड, नियमन  र अध्ययन अनुसन्धान गर्ने ।
- गरिबी निवारणको स्थानीय रणनीति तर्जूमा गर्ने ।
- गरिब घर परिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन गर्ने ।
- गरिबी निवारण सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय संस्थासँग सम्पर्क, समन्वय र सहकार्य गर्ने ।
- रोजगार तथा बेरोजगारको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना गर्ने ।
- स्थानीय स्तरमा रहेका विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन गर्ने ।
- पहिचान भएका गरिब घरपरिवार एवं लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन कार्य गर्ने ।
- संघीय र प्रदेश कानून बमोजिम स्थानीय तहमा सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन गर्ने ।
- सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापनको लागि पहल गर्ने ।
- रोजगारीका अवसर सिर्जना गर्न आवश्यक कार्य गर्ने ।
- रेमी कार्यक्रम तर्फ संचालित बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको लागि पुन: एकिकरण कार्यक्रमलाई निरन्तरता दिने ।

**संस्कृति, सम्पदा,ललित कला तथा पर्यटन प्रबर्द्धन**

- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीय स्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने ।
- पुरातत्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास गर्ने ।
- परम्परागरत रुपमाचलि आएका जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन गर्ने ।



CamScanner

- भाषा, संस्कृति, जात्रा, पर्व र ललितकलाको संरक्षण, प्रबर्द्धन र विकास अगाडी बढाइनेछ ।
- स्थानीय महत्वका धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यबस्थापनको गरी पर्यटन क्षेत्रलाई विस्तार गर्ने ।
- पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रवर्द्धन गर्ने ।
- पर्यटन पूर्वाधार विकास तथा प्रोत्साहन गर्ने ।
- सल्हेश क्षेत्रलाई पर्यटकिय क्षेत्र विकास गरी आन्तरिक तथा वाह्य पर्यटकलाई भित्राउन सक्ने प्रचुर संभावनालाई ध्यानमा राख्दै आवश्यक नियम कानूनको निर्माण गरी "सल्हेश क्षेत्र विकाश कोष" को स्थापना गरी कार्यान्वयन गर्ने नीति लिइनेछ ।
- त्यस्तै सारस्वरनाथ क्षेत्र विकास कोष समेत स्थापना गरी कार्यान्वयन गर्ने नीति समेत लिइएको छ।

- **कृषि सडक र सिचाई प्रबर्द्धन**

- स्थानीय ग्रामिण सडक तथा कृषि सडक र सिँचाई सम्वन्धी निति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा कार्यान्वयन, अनुगमन र नियमन गर्ने ।
- स्थानीय ग्रामीण तथा कृषि सडक, झोलुंगे पुल, पुलेसा सिँचाई र तटवन्ध सम्वन्धी गुरुयोजनाको तर्जुमा कार्यान्वयन, मर्मत सम्भार र नियमन गर्ने ।
- स्थानीय स्तरका सिँचाइ प्रणालीको निर्माण, सञ्चालन, रेखदेख मर्मत सम्भार, स्तरोन्नति अनुगमन र नियमन गर्ने ।
- स्थानीय सडक ग्रामिण सडक र कृषि सडक सम्वन्धी अन्यकार्य गर्ने ।
- कृषकहरुलाई सरल र सुलभ तरिकाबाट कृषिविधुतिकरण कार्य अगाडी बढाउने ।
- माग र आवश्यकता अनुसार किसानहरुलाई डिप वोडिगं जडान गरिनेछ ।

<u>सामाजिक विकास तर्फ</u>

- राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम तथा दक्ष योग्य जनशक्ति निर्माण गर्ने
- सामाजिक विकासको मेरुदण्ड शिक्षा र स्वास्थ्य भएको हुँदा सो को विकासको लागि योजनावद्ध रुपमा विशेष कार्यक्रमहरु संचालन गर्ने ।
- **"सवैका लागि शिक्षा"**भन्ने नाराका साथ विद्यालय क्षेत्र विकास कार्यक्रम तदारुकताका साथ लागु गर्ने नीतिलिने ।
- शिक्षालाई गुणस्तरिय वनाउन र उत्पादन जनशक्तिलाई प्रतिस्पर्धात्मक वनाउन र सामुदायिक र निजी विद्यालयहरुको विचको भिन्नता कम गर्न सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमवाट पठनपाठन गराउन विशेष कार्यक्रम संचालन गर्ने ।
- प्राविधिक तथा प्रविधि मैत्री शिक्षा तथा तालिम, प्रशिक्षणका लागि विशेष कार्यक्रम संचालन गर्ने नीति लिने ।
- विद्यालयहरुको पूर्वाधार सुधारमा विशेष जोड दिनुपर्ने ।



CamScanner

- भाषा, संस्कृति, जात्रा, पर्व र ललितकलाको संरक्षण, प्रबर्द्धन र विकास अगाडी वढाइनेछ ।
- स्थानीय महत्वका धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यवस्थापनको गरी पर्यटन क्षेत्रलाई विस्तार गर्ने ।
- पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रवर्द्धन गर्ने ।
- पर्यटन पूर्वाधार विकास तथा प्रोत्साहन गर्ने ।
- सल्लेश क्षेत्रलाई पर्यटकिय क्षेत्र विकास गरी आन्तरिक तथा वाह्य पर्यटकलाई भित्राउन सक्ने प्रचुर संभावनालाई ध्यानमा राख्दै आवश्यक नियम कानूनको निर्माण गरी "सल्लेश क्षेत्र विकाश कोष" को स्थापना गरी कार्यान्वयन गर्ने नीति लिइनेछ ।
- त्यस्तै सारस्वरनाथ क्षेत्र विकास कोष समेत स्थापना गरी कार्यान्वयन गर्ने नीति समेत लिइएको छ।

- **कृषि सडक र सिचाई प्रबर्द्धन**

- स्थानीय ग्रामिण सडक तथा कृषि सडक र सिँचाई सम्वन्धी निति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा कार्यान्वयन, अनुगमन र नियमन गर्ने ।
- स्थानीय ग्रामीण तथा कृषि सडक, भोलुंगे पुल, पुलेसा सिँचाई र तटवन्ध सम्वन्धी गुरुयोजनाको तर्जुमा कार्यान्वयन, मर्मत सम्भार र नियमन गर्ने ।
- स्थानीय स्तरका सिँचाइ प्रणालीको निर्माण, सञ्चालन, रेखदेख मर्मत सम्भार, स्तरोन्नति अनुगमन र नियमन गर्ने ।
- स्थानीय सडक ग्रामिण सडक र कृषि सडक सम्वन्धी अन्यकार्य गर्ने ।
- कृषकहरुलाई सरल र सुलभ तरिकाबाट कृषिविधुतिकरण कार्य अगाडी बढाउने ।
- माग र आवश्यकता अनुसार किसानहरुलाई डिप बोडिगं जडान गरिनेछ ।

## सामाजिक विकास तर्फ

- राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम तथा दक्ष योग्य जनशक्ति निर्माण गर्ने
- सामाजिक विकासको मेरुदण्ड शिक्षा र स्वास्थ्य भएको हुँदा सो को विकासको लागि योजनावद्ध रुपमा विशेष कार्यक्रमहरु संचालन गर्ने ।
- **"सवैका लागि शिक्षा"**भन्ने नाराका साथ विद्यालय क्षेत्र विकास कार्यक्रम तदारुकताका साथ लागु गर्ने नीतिलिने ।
- शिक्षालाई गुणस्तरिय वनाउन र उत्पादन जनशक्तिलाई प्रतिस्पर्धात्मक वनाउन र सामुदायिक र निजी विद्यालयहरुको विचको भिन्नता कम गर्न सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमवाट पठनपाठन गराउन विशेष कार्यक्रम संचालन गर्ने ।
- प्राविधिक तथा प्रविधि मैत्री शिक्षा तथा तालिम, प्रशिक्षणका लागि विशेष कार्यक्रम संचालन गर्ने नीति लिने ।
- विद्यालयहरुको पूर्वाधार सुधारमा विशेष जोड दिनुपर्ने ।



CamScanner

- दिगो विकासको लक्ष्य अनुरुप विद्यालयहरु तथा विद्यालयका शौचालयहरु अपाङ्ग मैत्री, महिला मैत्री निर्माण गर्न अनिवार्य गर्ने नीति बनाउने ।
- विद्यालय क्षेत्र भन्दा ५०० मिटर भित्र जाँड, रक्सी, मदिराजन्य समानहरु राख्न तथा सेवन विक्रि वितरण गर्न नपाउने निति लिइनेछ ।
- विद्यालयहरुमा रिक्त रहेको दरवन्दीमा शिक्षक तथा स्वयंसेवक शिक्षकहरु व्यवस्थापन गरी शैक्षिक सुधारमा आमुल परिवर्तन गरिनेछ ।
- विद्यालयहरुको नियमित अनुगमन गरी देखिएका कमी कमजोरीहरुलाई अविलम्ब सुधार गर्दै जाने नीति लिइएको छ । साथै सवै विद्यालयहरुमा पोशाक अनिवार्य लागु गर्ने ।
- विपन्न छात्र छात्राहरुको शिक्षामा पहुच अभिवृद्धि गर्न नियमानुसार पोशाक, पाठ्य सामाग्री, छात्रवृती उपलब्ध गराउने ।
- गर्भमै लिङ्ग पहिचान गरी भ्रुण हत्या गर्ने अपराधका कारण लैङ्गिक अनुपातमा असर परिरहेको र वालवालिकाहरुको कम उमेरमै गरिने विवाहले महिलाहरुको स्वास्थ्यमा मात्र नभई समग्र जनशक्ती विकासमै नकारात्मक असर परिरहेको परिपेक्ष्यमा यि असरहरु नियन्त्रण गर्न, असल मानव श्रोतको विकास गर्न गत आ.व. २०८१।०८२मा लिइएको “वालिका स्वर्ण योजना”लाई यस आ.व.मा समेत निरन्तरता दिई कार्यान्वयनमा ल्याउनु पर्ने ।
- गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई लक्षित गर्दै “दलिततथा जेहेन्दार विद्यार्थी छात्रवृती” कार्यक्रम कार्यान्वयनमा ल्याउनु पर्ने ।
- न.पा. भित्रका विद्यालयहरुको कम्पाउण्डवालहरुको निर्माण कार्य कार्यपालिकाबाट गर्दै जाने नीति लिनु पर्ने ।
- **विद्यालयहरुको मर्मत सम्भार, रंग रोगन गर्ने र विद्यालयहरुलाई बेन्च डेक्स वितरण कार्यपालिकाको निर्णय अनुसार गर्दै जाने नीति लिइनेछ ।**
- माध्यमिक विद्यालयहरुलाई कम्प्यूटर खरिद तथा वितरण कार्यपालिकाको निर्णय अनुसार गर्ने निति लिइनेछ ।
- माध्यमिक विद्यालयहरुलाई कम्प्यूटर प्रणाली व्यवस्थापन गर्न शिक्षकको व्यवस्थापन गर्ने निति लिइनेछ ।
- विद्यार्थीहरुको चौतर्फी विकासका लागि नगरपालिका भित्रका सवै विद्यालयहरुले प्रत्येक शुक्रवार अतिरिक्त कृयाकलाप अनिवार्य संचालन गर्ने नीति लागु गर्ने ।
- विद्यालयहरुले शुद्ध खानेपानीको समुचित व्यवस्थापन गर्नु पर्नेछ साथै खानेपानीका शुद्धता परिक्षण अनिवार्य गर्ने नीति कार्यान्वयन गर्ने ।
- **नगरपालिका क्षेत्र भित्र अन्तर माध्यमिक छात्रामैत्री खेलकुदका कार्यक्रम तथा प्रतियोगिता संचालन गर्ने ।**
- सिरहा पुस्तकालयको समुचित व्यवस्थापन तथा पुस्तकालयलाई विधुतिय पुस्तकालय(E-Library) वनाउन विशेष कार्यक्रम संचालन गर्ने ।



CamScanner

- सिरहा प्रादेशिक अस्पताललाई थप सुधार गर्दै विशेषज्ञ सहितको सेवा उपलब्ध गराउन आवश्यक साझेदारी र व्यवस्था मिलाउनु पर्नेछ ।
- स्वास्थ्य शिविरहरु वडा गत रुपमा संचालन गर्ने निति लिईनेछ ।
- स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुको स्तर उन्नती तथा सेवा विस्तारका कार्यक्रम संचालन गर्ने र उत्कृटलाई पुरस्कृत गर्ने निति लिईनेछ ।
- आयुर्वेद चिकित्सालयहरु औषधी उपचारको तथा आयुर्वेद सेवा कार्यक्रम संचालन गर्ने ।
- मदरसाहरुको स्तर उन्नती तथा आधुनिकरणका लागि विशेष कार्यक्रम संचालन गरिनेछ साथै मदरसाहरुमा पनि विधुतिय पुस्तकालय(E-Library)बनाउन विशेष कार्यक्रम संचालन गर्ने ।
- मानव स्वास्थ्यमा योगको ठुलो महत्व हुने हुँदा योग शिक्षा तथा योग शिविर प्रत्येक वडामा संचालन गरीनेछ, योग सम्बन्धी विशेष कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।
- अपाङ्ग नागरिकहरुको जिवनयापन सहज तुल्याउन सहायक सामाग्रीहरु वितरण वडा सिफारिसमा गर्ने निति लिइनेछ ।
- अपाङ्गहरुलाई विकास निर्माण लगायतका कार्यहरुमा प्रत्यक्ष सहभागीता गराउने नीति लिने ।
- नेपाल सरकारको दिगो विकासको नीतिअनुरुप पूर्ण सरसफाई तथा शुद्ध खानेपानीको लागि रणनीतिक कार्य योजना बनाई कार्य गर्ने नीति लिनु पर्ने ।
- प्रत्येक वडामा कम से कम एउटा सार्वजनिक शौचालय निर्माण गर्ने नीति लिने ।
- बालबालिकाहरुलाई लक्षित गर्दै बाल कल्याण कार्यक्रम लागु गनुपर्ने ।
- घरेलु हिंसा लगायत अन्य हिंसाबाट पिडीत महिलाहरुको लागि विशेष कार्यक्रम संचालन गर्ने ।
- महिलाहरुलाई लक्षित गरी महिला विकासको लागि महिला मैत्रि सहकारी कोष स्थापना गरी विभिन्न प्रकारका सिप मुलक तालिम, प्रशिक्षण तालिम वडागत रुपमा संचालन गरी स्वरोजगारका कार्यक्रमहरु संचालन गर्ने।
- युवाहरुलाई लक्षितगरि राष्ट्रिय युवा परिषद तथा खेलकुद विकास काकार्यक्रमहरु संचालन गर्ने ।
- सामुदायिक विद्यालयहरुमा विभिन्न खेलकुद कार्यक्रमहरु संचालन गर्ने ।
- भारत तथा तेश्रो मुलूकबाट विस्थापित भएका युवाहरुलाई सिप मुलक तालिम प्रशिक्षण लगायतका स्वरोजगारका कार्यक्रमहरु संचालन गर्ने ।
- सिरहा नगरपालिका क्षेत्र भित्र एउटा आधुनिक तथा सुविधा यूक्त मशान घाट कार्यपालिकाको सहमतिमा निर्माण गर्ने ।
- लक्षितवर्गहरुको लागि वडा स्तरीय सिलिङ्ग मापदण्ड मार्गदर्शनमा बजेटको २०%लक्षित वर्ग समुदायको लागि बजेट छुट्याई कार्यक्रम योजना बनाउने नीति लिनु पर्ने ।
- वैदेशिक रोजगारमा गएका व्यक्तिहरु का घर परिवारका लागि विशेष कार्यक्रम गर्ने ।
- **बैदेशिक रोजगारीमा गएकाहरुको र निजहरुको परिवारलाई मध्य नजर गर्दै नेपाल सरकारले लिएको कार्यक्रमहरु र सुरक्षित आप्रवाशन सम्बन्धी कार्यक्रमहरु बनाई लागु तथा कार्यान्वयन गर्ने ।**
- विपन्न दलित हकअधिकार सुनिश्चिता गर्ने ।

CamScanner

- "एक घर एक रोजगार" नाराका साथ रोजगार सम्वन्धी तथ्यांक संकलन, यूवा तथा किशोर किशोरी लक्षित शिपयूक्त रोजगार तालिम तथा महिलाहरुलाई जिवन उपयोगी शिपमुलक, तालीम तथा प्रशिक्षण को व्यवस्थापन गर्ने ।

## आधारभूत तथा माध्यमिक शिक्षा तर्फ

- प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिकशिक्षा (गुरुकुल, मदरसा, गुम्बाआदि), निरन्तर सिकाइतथाविशेष शिक्षा सम्बन्धीनीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन गर्ने ।
- प्राविधिकशिक्षातथाव्यावसायिकतालिमको योजनातर्जुमा, सञ्चालन, अनुमति र नियमन गर्ने ।
- पाठ्यक्रम र पाठ्यसामग्रीको वितरण तथाकार्यान्वयन गर्ने ।
- अगामीआर्थिक वर्ष देखि स्थानीय पाठयक्रम निर्माण गरी कक्षा १-८ सम्मका सवै सामुदायिक र संस्थागतविधालयहरुमा स्थानीय विषय वा मातृभाषा विषयको पाठयक्रम हमरा सभक सिरहा नामक पुस्तकबाट पठन पाठन सुचारु गरिनेछ ।
- विद्यालयशिक्षकतथाकर्मचारी व्यवस्थापन गर्ने ।
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथानियमन गर्ने ।
- शैक्षिकपूर्वाधार निर्माण र मर्मत सम्भारगर्ने ।
- आधारभूततह (कक्षा ८) को परीक्षा व्यवस्थापन गर्ने ।
- विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन गर्ने ।
- विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन गर्ने ।
- शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन गर्ने ।
- स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गर्ने ।
- माध्यमिक तह सम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने ।
- माध्यमिक तह (१०+२) सम्मको विद्यालयमा छात्रावास अनिर्वाय रुपमा संचालन गर्न कार्ययोजना बनाई लागु गर्ने ।
- सिरहा नगरपालिका भित्र सम्पुर्ण विद्यालयहरुमा अविलम्व व्यवस्थापन समिति गठन गर्न पहल गर्नेछ ।
- सिरहा नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा निकासा माग फाराममा वडा कार्यालयबाट सिफारिस सहित निकासा माग गर्ने निति लिइनेछ ।
- सिरहा नगरपालिका भित्रका सवै सामुदायिक विद्यालयहरुमा कार्यरत रहेको शिक्षक, कर्मचारीहरुलाई तोकिएको कार्यविधिअपनाई सरुवा प्रक्रिया अगाडि वढाउने निति लिईनेछ ।
- नगरशिक्षा ऐनलाई आवश्यक्ता अनुसार परिमार्जन गरी लागु गर्ने ।
- पुस्तकालय एवं पत्रपत्रिकाको व्यवस्थापन ।
- स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने ।
- शिक्षक दरवन्दी नपुग भएका माध्यमिक विदयालयहरुमा वढी दरवन्दी भएको विद्यालयबाट शिक्षक दरवन्दी मिलान व्यवस्थापन गर्ने निति लिईनेछ ।
- शैक्षिकशत्र शुरु भएपछि सवै सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई सहज रुपमा पाठय पुस्तक व्यवस्थापन गर्ने निति लिईनेछ ।



CamScanner

- सामुदायिक विद्यालयमा व्यवस्थापन समिति गठन नभए सम्म सम्वन्धित वडा समितिको राय परामर्श अनुसार विद्यालय संचालन तथा व्यवस्थापन गर्ने निति लिईनेछ ।
- सामुदायिक विद्यालयहरुमा अपुग शिक्षक रहेको अवस्थामा वडा समितिको सिफारिसमा स्वयंसेवक शिक्षक व्यवस्थापन गर्ने निति लिईनेछ ।
- निजि तथा संस्थागत विद्यालयहरुमा ऐन, नियम र नगरपालिकाले तोकिएको मापदण्ड पुरा नभएको अनुगमनबाट देखिएमा त्यस्तो निजितथा संस्थागत विद्यालयहरुलाई दर्ता खारेज वा वन्द गर्ने प्रक्रिया अगाडी वढाउने निति लिइनेछ ।

## खेलकुद तथा अतिरिक्त क्रियाकलाप इकाई

- स्थानीय स्तरमा खेलकूद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय गर्ने ।
- खेल मैदान नभएका वडाहरुमा अनिर्वाय रुपमा जग्गा व्यवस्थापन गरी खेलकुद मैदान निर्माण गर्न पहल गर्ने निति लिईनेछ ।
- खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास गर्ने ।
- खेलकूदको विकास र प्रवर्द्धन गर्ने ।
- खेलकूद प्रतियोगीता आयोजना र सहभागीता गर्ने ।
- अतिरित्त नक्रियाकलाप सम्बन्धी कार्य गर्ने ।
- राजा सल्हेशको उत्थान तथा प्रवर्द्धनको लागि सल्हेश गोल्डकप अन्तर्राष्ट्रिय प्रतियोगिता संचालन गर्ने ।

## आधारभूत स्वास्थ्य तथा सरसफाई तर्फ

- आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन गर्ने ।
- राष्ट्रिय तथा प्रदेश स्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीय स्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण गर्ने ।
- राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथाअन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन गर्ने ।
- आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रबर्द्धन गर्ने ।
- अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन गर्ने ।
- स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन गर्ने ।
- सरसफाई सचेतनाको अभिवृद्धि गर्ने तथा योजनावद्ध रुपमा अन्यकार्यहरु सुचारु गर्ने ।
- रक्त सञ्चार सेवातथा स्थानीय र शहरी स्वास्थ्य सेवा गर्ने ।
- औषधि पसल सञ्चालन र नियमन गर्ने ।
- औषधिजन्य वनस्पति, जटीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण गर्ने ।
- स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन गर्ने ।
- औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन गर्ने ।
- औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण गर्ने ।
- औषधि र स्वास्थ्य उपकरणको खरीद, भण्डारण र वितरण गर्ने ।



CamScanner

- स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन गर्ने ।
- जन स्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) गर्ने ।
- प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन गर्ने ।
- स्वस्थजीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन गर्ने ।
- जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन गर्ने ।
- सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि गर्ने ।
- आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन गर्ने ।
- जनस्वास्थ्य, आपत्कालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन गर्ने ।
- सरुवा तथा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम गर्ने ।
- सिरहा नगरपालिका भित्र स्वास्थय चौकीमा कार्यरत रहेको कर्मचारीहरुको तलव सेवा सुविधाको लागि स्वास्थ्य व्यवस्थापन समितिबाट हाजिरी प्रमाणित गरि पेश गरेमा निकासा पठाउने निति लिईनेछ ।
- आकस्मिक स्वास्थ्य सेवा प्रवाह गर्ने ।

**लैंगिक समानता तथा सामाजिक सुरक्षा उपशाखा**

- महिला हक सम्बन्धी नीति, योजना कार्यान्वयन, समन्वय र नियमन गर्ने ।
- महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण, क्षमता विकास गर्ने ।
- लैगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना गर्ने ।
- लैंगिक उत्तरदायी बजेट निर्माण गर्ने ।

**वालवालिका, किशोर किशोरी तथा युवा इकाई**

- बालबालिकाको हकहीत संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने ।
- बालबालिकाको हकहीत संरक्षण गर्ने ।
- बाल मैत्री शासकीय प्रवन्ध, बालक्लब, बाल संरक्षण समिति तथा बाल सञ्जाल गठन गर्ने ।
- बालबालिकाको हकहीत संरक्षण सम्बन्धमा संघ, प्रदेश तथा अन्य निकायसँग सम्पर्क, समन्वय तथा सहकार्य, गर्ने ।
- बालबालिका परिवारहरुलाई सहयोग गर्ने ।
- बैकल्पिक स्याहार पद्धतिको कार्यान्वयन गर्ने ।
- बाल न्याय व्यावस्थापन गर्ने ।
- बालगृह, पुनःस्थापना केन्द्र, शिशु स्याहार केन्द्र र बालविकास केन्द्र व्यवस्थापन गर्ने ।
- असहाय बालबालिकाका, सडक बालबालिका व्यवस्थापन गर्ने ।
- बाल हिंसा नियन्त्रण गर्ने ।
- बालसुधार तथापुनःस्थापना केन्द्र स्थापना, संचालन अनुमती र नियमन गर्ने ।
- आपत्कालीन बाल उद्धार कोष स्थापना र व्यवस्थापन गर्ने ।



CamScanner

- युवा जागरण, सशक्तिकरण र परिचालन गर्ने ।
- युवा सीप, उद्यमशिलता तथा नेतृत्वविकास गर्ने ।
- बालबालिकाहरुलाई खेलकुदप्रति अभिरुची बढाउन खेल मैदानको अनिवार्य व्यवस्थापन गर्ने निति लिईनेछ ।

**अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिक इकाई**

- जेष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्वन्धी कार्य गर्ने ।
- जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाटस्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्ने
- सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गतापुन:स्थापना केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन गर्ने ।
- अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण गर्ने ।
- अपाँगता भएका व्यक्ति मैत्री पूर्वाधार निर्माण तथा सञ्चालन गर्ने ।
- अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्वन्धी अन्य कार्य गर्ने ।
- एकल महिला सम्वन्धी कार्य गर्ने ।

**गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन तर्फ**

- स्थानीयस्तरमा समाजकल्याण सम्वन्धी संघसंस्था (गैरसरकारी, सामाजिक तथा सामुदायिक संघसंस्था) को दर्ता, नवीकरण तथा नियमन गर्ने ।
- यस नगरपालिका भित्र दर्ता भएको कृषि सहकारी संस्थाहरु मार्फत किसानहरुलाई सहज रुपमा मल, खाद् वितरण लगायत अन्य कृषि सँग सम्वन्धित कार्य गर्न अनुमति दिने । साविक देखि दर्ता नभएका वडाहरुमा नयाँदर्ता भएका कृषि सहकारी संस्थाहरुलाई समेत किसानहरुलाई सहज रुपमा मल, खाद् वितरण लगायत अन्य कृषि सँग सम्वन्धित कार्य गर्न नगरपालिकाबाट अनुमति दिने ।
- गुठी, कोष तथा अन्य ट्रष्टहरुको व्यवस्थापन गर्ने ।
- निजी गुठी तथा अन्य गुठी संघ संस्थाहरुको रेखदेख, नियन्त्रण, समन्वय र सहकार्य गर्ने ।
- निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने ।
- सामाजिक संघसंस्था सम्बन्धी अन्य विषय सम्वन्धमा रणनिति तयार गर्ने ।

**सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता**

- सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान गर्ने ।
- सङ्घ तथा प्रदेशले निर्धारण गरेको मापदण्ड बमोजिम सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने ।
- सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य गर्ने ।
- स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन तथा आवश्यक तथ्यांक संकलन एवं व्यवस्थापन गर्ने ।
- आधुनिक प्रबिधि मार्फत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्वन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री), अभिलेख व्यवस्थापन तथा प्रतिवेदन ।



CamScanner

## बातावरण तथा विपद् व्यवस्थापन तर्फ

- स्वच्छ वातावरणमा बाँच्न पाउने हक नागरिकको मौलिकहकको रुपमा नेपालको संविधानले स्थापित गरेको छ । यसलाई व्यवहारमा कार्यान्वयन गर्न फोहोर मैलाको उचित व्यवस्थापन गरी वातावरण पर्यावरण संरक्षण, जलवायु परिवर्तनको असर न्यूनिकरण गर्न कार्यक्रमहरु संचालन गर्ने ।
- सडने तथा नसडने फोहोरको लागि छुट्टा छुट्टै रुपमा डस्टविन प्रयोग गर्ने कार्यक्रमहरु संचालन गर्ने ।
- सडक किनारा, ऐलानी, पर्ती तथाअन्य सार्वजनिक जग्गाहरुमा बृक्षारोपण गरी पर्यावरण सम्वन्धी विशेष कार्यक्रम संचालन गर्ने ।
- विपद व्यवस्थापन ऐन, नियमावली मापदण्ड, निर्देशिका बमोजिम विपद व्यवस्थापन सम्बन्धी कार्य गर्ने नीति निर्माण गर्ने ।
- नगरपालिका स्वंम वा सरोकारवाला वा संघ संस्था निजी तथा सरकारी वा गैह्र सरकारी संस्थाहरु सँग समन्वय साझेदारी गरी नगर भित्रको फोहोर मैलाको उचित व्यवस्थापन गर्ने नीति अवलम्बन गर्ने ।
- विपत व्यवस्थापन कोषको संचालन तथा कार्यान्वयन गर्ने ।
- यस न.पा.मा पर्न सक्ने विपदहरुको पहिचान गरि पूर्वानुमान र पूर्वसूचनामा आधारीत रहदै विपद सम्बन्धी आवश्यक ऐन, कानून, नियमावली, निर्देशिका मापदण्ड लगायत आवश्यक नीतिगत निर्णय लिई यस न.पा.को विपद सम्बन्धी ठोस तथा रणनीतिक कार्ययोजना अनुरुप कार्यान्वयन गर्ने निति लिईनेछ ।
- विपद व्यवस्थापन अन्तर्गत हुन सक्ने क्षतिवाट न्यूनिकरण गर्न न.पा. क्षेत्र भित्र आफ्नै लगानी वा अन्य संघ संस्था गैह्र सरकारी संस्थाहरुसँग समन्वय र साझेदारिमा सेल्टर हाउसहरु निर्माण गर्दै जाने नीति अवलम्वन गरिनेछ ।

## वन, वन्यजन्तु, भू–संरक्षण तथा जैविक विविधता संरक्षण

- वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जलउपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने ।
- नदीकिनार, नदी उकास,नहर किनार तथा सडक किनारमा वृक्षारोपण कार्य गर्ने ।
- सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गर्ने ।
- नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन गर्ने ।
- जलवायू परिवर्तन अनुकुलन कार्य गर्ने ।
- आय आर्जनमा आधारित जडीबुटीको संरक्षण, प्रबर्द्धन, व्यवस्थापन कार्य अगाडी बढाउने ।

## वातावरण, पर्यावरण एवं जलाधार क्षेत्र संरक्षण

- स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्ययजन्तुको संरक्षण व्यवस्थापन सम्बन्धी नीति, कानून, कार्यक्रम तर्जूमा, कार्यान्वयन र नियमन गर्ने ।
- बृक्षारोपण, हरियाली तथा हरित क्षेत्रको प्रर्वद्धन गर्ने ।



CamScanner

- वायु तथा ध्वनीको प्रदूषण नियन्त्रण गर्ने ।
- हानिकारक पदार्थहरूको नियमन तथा  नियन्त्रण गर्ने ।
- वातावरणीय जोखिम न्यूनीकरण कार्य गर्ने ।
- जलवायू परिवर्तन अनुकुलन कार्यक्रम लागु गर्ने ।

**फोहरमैलाव्यवस्थापन**

- फोहरमैला सङ्कलन, पुनःउपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन गर्ने ।
- ल्याण्डफिल साईट व्यवस्थापन गर्ने ।
- सरसफाई  तथा स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन गर्ने ।
- सार्वजनिक शौचालय व्यवस्थापन गर्ने ।

**विपद् व्यवस्थापन, बारूण यन्त्र, एम्वुलेन्स**

- विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा स्थानीय स्तरका आयोजनाको कार्यान्वयन र नियमन गर्ने ।
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्य योजना सञ्चालन गर्ने ।
- विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय गरी राख्ने ।
- विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण कार्यक्रम अगाडी बढाउने ।
- विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गर्ने ।
- विपद् कोषको  स्थापनातथा सञ्चालन र स्रोत साधनको परिचालन गर्ने ।
- विपद् पश्चात् स्थानीय स्तरको पुनर्स्थापना र पुनर्निर्माण कार्यको लागि तयारी गर्ने
- विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान कार्य अगाडी वढाउने ।
- प्राकृतिक प्रकोपको रोकथाम र पूर्व तयारी योजना तर्जुमा गर्ने ।
- विपद् जोखिमन्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन, गर्ने ।
- बारुण यन्त्र, जिसिवी ट्र्याक्टर तथा एम्बुलेन्सको सञ्चालन तथा व्यवस्थापन तदुरुकता साथ राख्ने ।
- स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणालीलाई व्यवस्थित गरी लागु गर्ने ।

**मानव संशाधन/संस्थागत विकास सेवाप्रवाह र सुशासन तर्फ**

नगरपालिकाको न्यायिक समितिलाई सवल वनाई नागरिक वा स्थानिय मुद्धाहरुको सम्बोधनका लागि र न्यायमा सहज र शुलभ पहुँच अभिवृद्धीका लागि न्यायिक समितिलाई प्रभावकारी वनाउने ।

- नगरपालिका तथा वडा कार्यालयहरुले प्रदान गर्ने सेवा सुविधा समेतको नागरिक वडापत्र सवै स्थानमा अनिवार्य राख्न लगाउने नीति कार्यान्वयन गर्ने ।
- भ्रष्टाचार जन्य कृयाकलापमा शुन्यशहनशिलता (Zero Tolerance) को नीतिअवलम्ब गर्ने ।

- जनशक्ती विकास संगठनात्मक संरचना सुचना मैत्री कार्य सम्पादन र सेवा प्रवाहलाई विशेष प्राथमिकतामा राखी कार्य अगाडी बढाउनु पर्ने ।
- व्यक्तिगत घटना लगायतका तथ्याङ्ग अध्यावधिक गर्न सबै वडा सँग नेटवर्किङ्ग अनलाइन सेवा पुऱ्याउने कार्य अझ प्रभावकारी बनाउने ।
- सबै वडा र नगरपालिकाको महत्वपूर्ण सूचना र तथ्याङ्ग सहितको GIS Mapतयार गरी शुरु गर्ने ।
- यस न.पा.को पुरानो कर्मचारी संरचनाको पुर्नर गठन गरि न.पा.को आवश्यकता अनुरुप संगठन संरचना निर्माण गरि कार्यान्वयन गर्ने ।
- योगदान र क्षमता अनुरुप कर्मचारीहरुको उच्च मूल्यांकन गर्दै प्रोत्साहन र दण्डित गरिने नीति बनाई लागु गर्ने ।
- मानव संसाधन विकास, संस्थागत क्षमता विकास,राजस्व परिचालन, वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्यूनिकरण, सार्वजनिक सुनवाई, सामाजिक परीक्षण, आन्तरीक र अन्तिम लेखापरीक्षण, वेरुजु फछ्यौंट, सेवाप्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विधुत्तिय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तर निकाय समन्वय जस्ता क्षेत्र समावेश गर्ने ।
- नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सुचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन नगरपालिका लगायत सबै वडामा गर्ने ।
- गुणस्तरीय रुपमा सेवा संचालन गरी सवैको सहज सुलभ र समान पहुँच सुनिश्चित गर्ने ।
- स्थानीय संचार मिडियाहरुलाई सुचना तथा सम्प्रेषण क्षेत्रमा संरक्षण र सम्वर्द्धन गर्न नगरपालिकाले आवश्यक कार्यक्रम संचालन गर्ने ।

**अन्य नितिगत कार्य तर्फ :**

- नगरपालिका परिसर भित्र क्यान्टिन खोल्ने
- व्यापारी र नगरपालिका (कृषि) समन्वय गरी लगानी तिर लग्न
- सामुदायिक र निजी विद्यालय दुबैलाई पहेलो रंग रोजन गर्ने
- नगर प्रमुख कोषबाट विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने
- सिप मुलक तालिम आयोजना गर्ने
- टोल सुधार समिति हरेक महिना १ गते र हरेक समस्या समाधान १५ गते गर्ने ।
- फोहोर व्यवस्थापन (प्रशोधन) केन्द्रको लागि प्रस्तावना तयारी गर्ने
- INsectisides (मच्छर) छर्ने (१ देखि २२) वडामा
- नगर प्रमुख विपत व्यवस्थापन कोष
- घरवाटै कर भुक्तानी
- नगर प्रहरी व्यवस्थापन
- घर नक्सा अनलाईन गर्ने
- घर बहाल कर व्यवस्थित गर्ने
- बर्थडे बृक्षारोपण अभियान चलाउने (One Family One Plant) नगरपालिकाबाट
- प्याज, खुशार्नी र तरकारी खेती फलफुल खेती आत्मनिर्भर गर्ने

CamScanner

- १ देखि २२ वडामा BP, डृग्रस को चेकफि घर अभियान र डेलिभरी पेसेन्टको नि:शुल्क युएसजी चेकजाँच शुरुवात गर्ने
- कुखुरा पालन, माछा पालन, दुधवेच्नेलाई अनुदान दिइने
- नर्सरी खोल्ने युवा किसानलाई प्रोत्साहन स्वरुप अनुदान दिइने
- लोकगाई पालन संरक्षण अभियान संचालन गर्ने
- कृषि तालिम शिक्षकहरुको व्यवस्थापन गर्ने
- हरेक विद्यालयमा सिपमुलक तालिम र रोजगारको अभियान चलाउने
- छाडा चौपायालाई व्यवस्थापन गर्न चरण क्षेत्रको व्यवस्थापन गर्न कृषि शाखालाई गृहकार्य गर्न लगाउने
- महिलालाई आत्मर्निर गर्न सिलाई कटाई गर्ने महिलाहरुको सामूहिक सहयोगमा गार्मेन्ट सञ्चालन गर्ने
- ग्रिन सिरहा, क्लीन सिरहा अन्तर्गत टोल सुधार समिति, तथा वस्ती विकास समिति गठन गरी महिनाको १ गते र १५ गते(दुई दिन) सामूहिक सरसफाई कार्यक्रम संचालन गर्ने
- ऐलानी बाँझो जमिन खोजी गरी सिरहा औधोगिक ग्राम अन्तर्गत साना तथा मझौला घरेलु उद्योगहरुमा लगानी गर्ने उद्योगी व्यवसायीहरु सँग सहकार्य गर्ने
- फोहोर मैला प्रशोसधन केन्द्र निर्माण गर्न नगरपालिकाबाट प्रस्तावना निर्माण कार्यको जिम्मा प्राविधिक शाखालाई दिने
- गर्मी मौसम आइरहेको हुनाले लामखुट्टे (मच्छर) मार्ने औषधी छर्न प्रादेशिक अस्पताल तथा जनस्वास्थ्य कार्यालय सँग सहकार्य गर्ने
- विद्यार्थीहरुलाई फोहोरमैला व्यवस्थापनको संवाहक हुनेगरी MY Pocket My First abatious अवधारणामा विकास गर्ने
- कक्षा८ सम्म आधारभुत तहको लागि स्थानीय पाठ्यक्रम निर्माण कार्य सम्पन्न गर्न सिरहा क्याम्पसका शिक्षा संकायलाई जिम्मेवारी दिने ।
- नगर प्रमुख विपद, व्यवस्थापन कोष स्थापना गरी विपद् व्यवस्थापन गर्नु पर्ने । लामखुट्टे मार्ने औषधी छर्कने ।
- घर नक्सापास गर्न अनलाई गर्न टेक्निसियिन सँग सहकार्य गरी पुरानो घरहरुको पनि घर नक्सापास गराउनेलाई सहुलियत प्रदान गर्ने ।
- माटो सुहाउदो उत्पादनमा आत्म निर्भर गराउन कृषि शाखालाई योजना बनाउन लगाउने ।
- विद्यालयहरुबाट उत्कृष्ट खेलाडीहरु उत्पादन गर्न विभिन्न खेल एकेडेमी संचालन गर्ने
- नगरलाई बाल मैत्रीनगरको अभियान संचलन गर्नुपर्ने
- विद्यालयहरुमा प्राथमिक स्वास्थ्य जाँच तथा रेखदेख गर्न नर्सको व्यवस्था
- ७० वर्ष पुगेको नागरीकहरुलाई घरमै स्वास्थ उपचार गरिने
- दुग्ध उत्पादन गर्न किसानलाई अनुदान प्रदान गर्ने ।
- फलफुल बिरुवामा अनुदान दिने, नर्सरी खोल्ने किसानलाई अनुदान दिइनेछ ।
- गौशाला निर्माण गर्ने धार्मिक संस्थाहरुलाई देशी गाईपाल गर्न अनुदान दिइने



CamScanner

- कृषि तथा पशु विकास क्षेत्रमा नीजि तथा गैर सरकारी स.स्थाको साझेदारीमा कार्यक्रम संचालन गर्न आशयपत्र आवह्नन गर्ने । साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०७९
- संघीय सरकार, प्रदेश सरकार, UNDP, एसियाली विकास बैंक लगायत अन्य सँघ संस्थाहरु सँग साझेदारी गरी विभिन्न कार्यक्रम गर्ने । सम्पूर्ण सार्वजनिक विद्यालयमा एउटै रंगरोगन गरी विद्युतिय हाजिरीको व्यवस्थापन गर्ने ।
- यस सिरहा नगरपालिकाबाट वडा स्तरीय छनौट हुने बजेट कार्यक्रममा सहभागिता गराई कार्यान्वयन गर्ने

**आदरणिय अध्यक्षज्यू ,प्रमुख अतिथी एवम् सम्पूर्ण महानुभावहरु,**

**गत आ.व. २०८२/०८३ को आय व्यय निम्न अनुसार भएको हुदाँ सो आय व्यय रकम प्रस्तुत गर्न चाहन्छु ।**

| क्र.सं. | खर्च संकेत नं. | स्वीकृत तथा अन्तिम बजेट | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार -समानिकरण अनुदान | १७ कारोड ९६ लाख | ९ करोड ६३ लाख १७ हजार ४४७ |
| २ | शसर्त अनुदान चालु | ४७ करोड ३४ लाख | २५ करोड ३६ लाख ५७ हजार ९९६ |
| ३ | शसर्त अनुदान पुजिगत | १ करोड ४० लाख | 0।00 |
| ४ | नेपाल सरकार विशेष अनुदान पुजिगत | २ करोड ६८ लाख | ८८ लाख ५० हजार ०६५ |
| ५ | समपुरक अनुदान पुजिगत | १ करोड ५६ लाख | 0।00 |
| ६ | मधेश प्रदेश-समानिकरण अनुदान | १ करोड २६ लाख ९२ हजार | ५७ लाख ८६ हजार ४२६ |
| ८ | मधेश प्रदेश विशेष अनुदान चालु | ३० लाख | 0।00 |
| ९ | समपुरक अनुदान पुजिगत | ३० लाख | 0।00 |
| १० | राजस्व वाडफाड-प्रदेश सरकार | ८६ लाख ५० हजार | 0।00 |
| ११ | राजस्व वाँडफाड -संघीय सरकार | १५ कोड ३० लाख ४५ हजार २१७ | १० करोड ७८ लाख ४ हजार ६८३ |
| १२ | आन्तरिक आयश्रोत | ३ करोड ८२ लाख ५८ हजार ७७६ | २ करोड ५६ लाख ६६ हजार १५० |
| | कूल जम्मा | १ अरव २७ करोड २३ लाख ७२ हजार ९९३ | ४९ करोड ८० लाख ८२ हजाार ७६८ |

**अन्त्यमा,**

- यस बजेट तर्जुमामा प्रत्यक्ष अप्रत्यक्ष माग्दर्शन तथा सहयोग गर्नुहुने नगर प्रमुख ज्यू, कार्यपालिका सदस्य ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, नगरसभा सदस्यज्यूहरु, विषयगत समितिका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, वुद्धिजीवी, सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, पत्रकार लगायत अन्यमा हार्दिक आभार प्रकट गर्दछु । विभिन्न बिषयगत समिति तथा कार्यपालिका बैठकवाट प्राप्त सुझावका



CamScanner

आधारमा बजेट तर्जुमा गरिएकोछ। नगरको चौतर्फी विकास र सम्वृद्धिमा निरन्तर सदभाव र सहयोग पुऱ्याउने आम नगरबासी, करदाता, विकास साझेदार, सरकारी तथा गैरसरकारी संस्थाहरु प्रति हार्दिक आभार प्रकट गर्दै बजेटको सफल कार्यन्वयनमा सबैको सहयोगको अपेक्षा गरेका छौं।

- **धन्यवाद नमस्कार :**

- प्रस्तुतकर्ता :
  श्री बविता कुमारी साह
  नगर उपप्रमुख

  हस्ताक्षर :...........................

  मिति २०८३/०३/०८ गते।



CamScanner

आय तर्फ

| संकेत नं. | आय शीर्षक | २०८१/०८२ को | | | आ.व.२०८२/८३ को | | | २०८३।०८४ को आय |
|---|---|---|---|---|---|---|---|---|
| | | अनुमान | संशोधित अनुमान | यथार्थ | अनुमान | माघसम्मको यथार्थ असुली | संशोधित अनुमान | अनुमान |
| १३३११ | संघीय सरकार समानिकरण अनुदान | १८६५००००.०० | १८६५००००.०० | १७११३२४००.०० | १७९६०००००.०० | १२५७२००००.०० | १६३४३६०००.०० | १८१३०००००.०० |
| १३३१२ | संघीय सरकार शसर्त अनुदान चालु | ४२३४७७०००.०० | ४२३४७७०००.०० | ४५४६९७०००.०० | ४७३४०००००.०० | ३३१३८५०००.०० | ४८७४०००००.०० | ४४१६०००००.०० |
| १३३१३ | संघीय सरकार शसर्त अनुदान पुजिगत | ३१२२००००.०० | ३१२२००००.०० | | १४००००००.०० | ०.०० | | ५६०००००.०० |
| १३३१५ | संघीय सरकार विषेश अनुदान पुँजीगत | ७००००००.०० | ७००००००.०० | ७००००००.०० | २६८०००००.०० | ११०३९२८२.०० | २६८०००००.०० | २०२०००००.०० |
| १३३१७ | संघीय सरकार समपुरक अनुदान पुँजीगत | १२५०००००.०० | १२५०००००.०० | १२५०००००.०० | १५६०००००.०० | ०.०० | १५६०००००.०० | १३६०००००.०० |
| १३३११ | प्रदेश सरकार समानिकरण अनुदान | १४०८८०००.०० | १४०८८०००.०० | १४०८८०००.०० | १२६९२०००.०० | ३१७३०००.०० | १०१५३६००.०० | १२६१३०००.०० |
| १३३१३ | प्रदेश सरकार शसर्त अनुदान पुँजीगत | ९५०००००.०० | ९५०००००.०० | ९५०००००.०० | ०.०० | ०.०० | ०.०० | |
| १३३१४ | प्रदेश सरकार विषेश अनुदान चालु | ३००००००.०० | ३००००००.०० | ३००००००.०० | ३००००००.०० | ०.०० | ०.०० | |
| १३३१७ | प्रदेश सरकार समपुरक अनुदान पुँजीगत | २००००००.०० | २००००००.०० | ०.०० | ३००००००.०० | ०.०० | ०.०० | |
| १००२० | राजस्व बाँडफाड- प्रदेश सरकार | ९००००००.०० | ९००००००.०० | ११२८६९४६.०० | ८६५००००.०० | ७४९१३५७.०० | ७४९१३५७.०० | ८६०७०००.०० |
| १००२० | संघीय सरकार राजस्व बाँडफाँड | १५८४०००००.०० | १५८४०००००.०० | १४१४१३६८१.५४ | १५३०४५२१७.०० | ११५७३९०९७.७१ | १४०७३७२११.१५ | १५८५२३०००.०० |
| १००१० | आन्तरिक श्रोत, नगद | ३७२६२५४२५.५७ | ३७२६२५४२५.५७ | ३७१२५५४०.८१ | ३८२५८५७७६.०० | २६५१४७१७.९८ | २९९९०३६६.२० | |
| | जम्मा रकम | १२९२३१०४२५.५७ | १२९२३१०४२५.५७ | ९२४७४३५६८.३५ | १२७२३७२९९३.०० | ६२१०६२४५४.६९ | ८८१६०८५३४.३५ | ८४२२४३०००.०० |